आज मिति २०८३/४/१२ गते व्यास नगर कार्यपालिकाको २४३ औं बैठक नगर प्रमुख श्री वैकुण्ठ न्यौपानेज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो।

<u>उपस्थिति</u>

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.२ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं.४ | - श्री मनबहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.५ | - श्री विष्णुकुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं.६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.७ | - श्री कृष्णप्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं.८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं.९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१० | - श्री खेमराज पोखे्रल | अनुपस्थित |
| वडा अध्यक्ष वडा नं.११ | - श्री दलबहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं.१४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्नादुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेतबहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| का.वा. अध्यक्ष, व्यास १० | - श्री इश्वर पौडेल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

**प्रस्तावहरु**

प्रस्ताव नं.१: मिति २०८३/४/१ गते भएको २४२ औ कार्यपालिका बैठकको निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: कृषि कार्यका लागि जग्गा खरिदमा रजिष्ट्रेशन छुट सम्बन्धमा ।
प्रस्ताव नं.३: निर्माणाधीन पराशर मार्गको कार्यप्रगतिको समीक्षाको प्रतिवद्धता पेश गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.४: आ.व.२०८२/०८३ को वार्षिक समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.५: सार्वजनिक खरिद नियमावली (संशोधन सहित) अनुसार निर्माण सामाग्री एवं भाडा दर सम्बन्धमा ।
प्रस्ताव नं.६: निर्माणकर्मीहरुको दर्ता सूचीकृत सम्बन्धी कार्यविधि, २०८३, पारित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.७: कल्याणकारी विज्ञापन कार्यविधि २०८० संशोधन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.८: IRIS SCANNER खरिद गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.९: ढुङ्गा, गिट्टी, बालुवाको वातावरणीय अध्ययन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१०: व्यास नगरपालिकाको प्रस्तावित लोगो सम्बन्धमा ।
प्रस्ताव नं.११: दमौली रङ्गशालाको ठेगाना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१२: प्रधानाध्यापक नियुक्ति अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.१३: विषय परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.१४: विषयविज्ञ रोष्टर समिति सम्बन्धमा ।
प्रस्ताव नं.१५: व्यवसाय सटर व्यवस्थापन सम्बन्धमा ।
प्रस्ताव नं.१६: कार्यविधि निर्माण सम्बन्धमा ।
प्रस्ताव नं.१७: विपद्जन्य कार्य एवं मर्मत संहार गर्ने कार्यहरुलाई सम्बोधन गर्ने सम्बन्धमा ।

**निर्णयहरुः**

**निर्णय नं.१:** प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८३/०४/०१ गते भएको २४२ औं कार्यपालिकाका बैठकका निर्णयहरुको समीक्षा गरियो ।

**निर्णय नं.२:** प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.११ बस्ने अरुणा श्रेष्ठको नाममा रहेको विद्यापोल्ट्री एण्ड कृषि फर्म प्रा.लि. कम्पनीले कृषि व्यवसाय प्रवर्द्धन गर्न व्यास वडा नं.११ बस्ने श्री होमबहादुर दुराको नाममा रहेको साविक फराकचौर नक्सा नं.५/घ कि.नं.२८ क्षेत्रफल १७-१५-०१ को दोयम पाखो जग्गा रजिष्ट्रेशन पारित गरिन लागेकाले कृषि व्यवसायका लागि पारित हुने हुँदा कानुन बमोजिम रजिष्ट्रेशन दस्तुरमा छुट सुविधा दिनु हुन भनी भूमि प्रशासन कार्यालय, तनहुँलाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं.३:** प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका वडा नं.७, ९, १० र ११ मा निर्माणाधीन पराशर मार्गको कार्यप्रगतिको समीक्षा गर्दा निर्माण कार्यमा भएको ढिलाइलाई ध्यानमा राखी नेपाल सरकारबाट मिति २०८३/०३/३० मा जारी सार्वजनिक खरिद (पन्ध्रौं संशोधन) नियमावली, २०८३ बमोजिम सम्बन्धित निर्माण व्यवसायीलाई व्यास नगरपालिकामा ७ (सात) दिनभित्र सम्पर्क गरी हालसम्मको कार्यप्रगति प्रतिवेदन तथा बाँकी निर्माण कार्य सम्पन्न गर्ने सम्बन्धमा लिखित प्रतिबद्धता (Commitment) पेश गर्न निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.४:** प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आर्थिक वर्ष २०८३/०८४ को वार्षिक समीक्षा कार्यक्रम सबै नगर सदस्यहरु, नगरस्तरीय राष्ट्रिय राजनीतिक दलका प्रतिनिधि, पत्रकार, सबै वडाका ३/३ जना टोल विकास समितिका प्रतिनिधि, उद्योग वाणिज्य संघ प्रतिनिधि लगायत नागरिक समाजका सरोकारवालाहरूको उपस्थितिमा मिति २०८३/४/२९ गते शुक्रबार बिहान ११:०० बजे नगरसभा कक्षमा आयोजना गर्ने तथा सो कार्यक्रमको आवश्यक व्यवस्थापन गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो।

**निर्णय नं.५:** प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा आर्थिक वर्ष २०८३/०८४ का लागि व्यास नगरपालिकामा लागु हुने गरी सार्वजनिक खरिद नियमावली (संशोधन सहित) को नियम १४८ बमोजिम निर्धारण गरिएको तनहुँ

जिल्लाको स्वीकृत कामदारको ज्याला, निर्माण सामाग्री ढुवानी तथा मेशिन उपकरणको प्रस्तावित भाडा दर स्वीकृत गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.६</u>:** प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका क्षेत्रभित्र निर्माण कार्य गर्ने निर्माणकर्मीहरुको दर्ता तथा सूचीकृत सम्बन्धी कार्यविधि २०८३, पारित गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.७</u>:** प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका लोक कल्याणकारी विज्ञापन वितरण सम्बन्धी कार्यविधि २०८० लाई निम्नानुसार संशोधन गर्ने निर्णय गरियो ।

(क) व्यास नगरपालिका लोककल्याणकारी विज्ञापन वितरण कार्यविधि, २०८० को दफा ×७ (४) मा साविक वाक्यांश बाध्य हुने छैन" पछाडी थप तनहुँ जिल्लाका अन्य पालिकामा सूचीकृत भई व्यास नगरपालिकामा सम्पर्क कार्यालय वा शाखा सञ्चालन गर्ने साप्ताहिक दैनिक अनलाइन सञ्चार माध्यमलाई दफा ७ (२) बमोजिमको पुरै वा आंशिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**<u>निर्णय नं.८</u>:** प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा सामाजिक सुरक्षा कोषसँग सम्बन्धित जेष्ठ नागरिक, अपाङ्गता भएका एकल महिला लगायतका सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिहरुको नवीकरण एवं नयाँ दर्ता गर्न औंठा छापबाट समस्या भएकाले आँखाको माध्यमबाट नवीकरण वा सूचीकरण गर्ने IRIS SCANNER बाट गर्न सकिने परिपत्रानुसार प्रति २ वडामा एक SCANNER हुने गरी थप ६ (छ) IRIS SCANNER प्रविधिमैत्री नगरपालिका सामग्री खरिद शीर्षक (आ.व.२०८३/०८४) बाट खरिद गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.९</u>:** प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत मादीनदी, सेतीनदीतर्फ ढुङ्गा, गिट्टी, बालुवाको वातारणीय अध्ययन गरी प्रतिवेदन पेश गर्न कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

**<u>निर्णय नं.१०</u>:** प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको पहिचानका लागि लोगो निर्माण गर्ने मात्र भएको प्रस्तावमा ४ वटा प्रस्ताव भएकाले प्रस्तावकहरुलाई २०८३/४/२९ गते हुने वार्षिक समीक्षा बैठकमा प्रस्तुतीका लागि आमन्त्रण गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.११:</u>** प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा राष्ट्रिय खेलकुद परिषद् प्रधान कार्यालय त्रिपुरेश्वर काठमाण्डौंबाट मिति २०८३/०३/१५ गते च.नं. ४९५/०८२/०८३ को "बजेट कार्यान्वयन सम्बन्धमा" भन्ने विषयमा यस नगरपालिकाको नाममा प्राप्त पत्रमा राष्ट्रिय खेलकुद परिषद्को आ.व.२०८३/०८४ को विनियोजित बजेट शीर्षक नं. ११.४२१, १८८ मा रङ्गशाला निर्माण गराउन रू.२ (दुई) करोड विनियोजन भई रङ्गशाला निर्माण हुने जग्गाको लालपूर्जाको प्रतिलिपि र DPR समेत माग भई आएकोमा विनियोजित रकमको रङ्गशाला निर्माणको ठेगाना बजेट कार्यक्रममा व्यास न.पा. वडा नं.२ उल्लेख भएकोमा उक्त वडा नं.२ मा रङ्गशाला निर्माण गर्ने कुनै जग्गा नभएको र दमौलीमा प्रयोग भएको खेलमैदान वि.पि. वनवाटिका खेलमैदान व्यास न.पा. वडा नं.३ जिल्ला प्रशासन कार्यालय, तनहुँदेखि पूर्व, शिक्षा विकास तथा समन्वय इकाईदेखि पश्चिम साविक जिल्ला विकास समिति हालको जिल्ला समन्वय समितिको नाममा रहेको साविक फराकचौर ९/ग स्थित कि.नं.२०३० (साविक कि.नं.१५२०) कित्ता नं.१ र जिल्ला खेलकुद विकास समिति तनहुँका नाममा भोगाधिकार प्राप्त ऐ.ऐ. कि.नं.२०२९ को जग्गा समेत भएकाले उक्त रङ्गशाला व्यास न.पा. वडा नं.२ मा नभई वडा नै ३ मा रहेको हुँदा सोही अनुसार ठेगाना संशोधन गरी टेण्डर प्रकृया अघि बढाउनु हुन भनी राष्ट्रिय खेलकुद परिषद्मा अनुरोध गरी पठाउने निर्णय गरियो ।

**<u>निर्णय नं.१२:</u>** प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.६ शिशाघाटस्थित महेन्द्रज्योति मा.वि. मा रिक्त प्रधानाध्यापक पदमा विद्यालय व्यवस्थापन समितिको सिफारिस अनुसार मा.वि. स्थायी शिक्षक श्री भरतबहादुर विष्टलाई गरिएको नियुक्ति अनुमोदन गर्ने निर्णय गरियो ।

**<u>निर्णय नं.१३:</u>** प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा नगरपालिका क्षेत्रभित्र सञ्चालित निर्मल माध्यमिक विद्यालयमा रिक्त हुन आएको माध्यमिक तह विज्ञान विषयको दरबन्दीलाई उक्त विद्यालय व्यवस्थापन

समितिको मिति २०८३/०४/०२ गतेको निर्णय र विद्यालयको च.नं.५ मिति २०८३/०४/०४ गतेको पत्रानुसार विज्ञान विषयको सट्टा गणित विषयको आवश्यकता देखिएकोले उक्त रिक्त विज्ञान विषय विषयको दरबन्दीलाई परिवर्तन गरी गणित विषयको दरवन्दी कायम गर्न अनुरोध भई आएकोले उल्लेखित माध्यमिक तहको विज्ञान विषयको दरबन्दीलाई विषय परिवर्तन गरी गणित विषयको दरबन्दी कायम गर्ने निर्णय अनुमोदन गरियो।

**निर्णय नं.१४:** प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा विद्यालय सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मेन्टरिङ पद्दतिको कार्यान्वयनका लागि तपसिलको विषयगत समिति तथा विषयविज्ञ रोष्टर समिति निर्माण गर्ने र सोही समितिबाट विद्यालयमा सुपरिवेक्षण तथा शिक्षकको निरन्तर पेशागत सहयोग तथा मेन्टरिङ पद्दतिको कार्यान्वयन गर्न निर्देशन दिने निर्णय गरियो ।

| | | | |
|---|---|---|---|
| १) | संयोजक | श्री केदारराज आचार्य, प्रमुख | शिक्षा युवा तथा खेलकुद शाखा |
| २) | सदस्य | श्री नवीन पराजुली, शिक्षा अधिकृत | व्यास न.पा. |
| ३) | सदस्य | श्री रामचन्द्र पोखरेल (अंग्रेजी विषय) प्र.अ. | चण्डिदेवी राष्ट्रिय मा.वि. |
| ४) | सदस्य | श्री अनिल श्रेष्ठ (गणित विषय) शिक्षक | सत्यवती मा.वि. |
| ५) | सदस्य | श्री विद्या न्यौपाने (विज्ञान विषय) शिक्षक | निर्मल मा.वि. |
| ६) | सदस्य | श्री विरबहादुर गुरुङ ( सामाजिक विषय) शिक्षक | बाराही मा.वि. |
| ७) | सदस्य | श्री भरतबहादुर विष्ट (नेपाली विषय) शिक्षक | महेन्द्र ज्योति मा.वि. |
| ८) | सदस्य | श्री भरत काफ्ले (स्थानीय विषय) प्र.अ. | शिव पाञ्चायन मा.वि. |
| ९) | सदस्य सचिव | श्री किशोर बास्तोला, सहायक शिक्षा अधिकृत | व्यास न.पा. |

(आवश्यकता अनुसार समितिले अन्य विषय विज्ञ आमन्त्रण गर्न सक्नेछ)

**निर्णय नं.१५:** प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.३ अनसन चौतारी कृषि कार्यालय तर्फ जोडिएको कृषिउपज संकलन एवं बिक्री केन्द्र प्रयोगमा नआएकाले नगरपालिकाबाट सटर समेत व्यवस्थापन भई उत्तर तर्फका ३ सटर वडा नं.३ का व्यास अचार तथा रैथाने खाद्यान्न लघु उद्योगलाई र सोदेखि दक्षिणतर्फ ३ सटर महिला उद्यमीहरुको व्यास कोशेली घरलाई २०८४ आषाढ मसान्तसम्म भाडा नलिने गरी उपलब्ध गराउने निर्णय गरियो । सो सम्बन्धी व्यवसाय सञ्चालन, व्यवस्थापन कार्यको अनुगमन सहजीकरण गर्ने जिम्मा वडा नं.३ लाई दिने समेत निर्णय गरियो ।

**निर्णय नं.१६:** प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका जलचर ऐन अन्तर्गत रही आवश्यक कार्यविधि तयार गर्न विदायन समितिलाई निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं.१७:** प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा विपद्जन्य र अत्यावश्यक निम्न कार्यका लागि बजेट विनियोजन गर्ने निर्णय गरियो ।

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | नेपाल निवृत्त शिक्षक समाज, कार्यक्रम सहयोग | १ | २५,०००/- | विविध चालु |
| २. | नेपाल आदिवासी जनजाती महासंघ, दमौली कार्यक्रम सहयोग | २ | ८०,०००/- | जनजाती साँस्कृतिक सहयोग |
| ३. | इनरहिल क्लव दमौली विज्ञापन | २ | २०,०००/- | सञ्चार सहयोग |
| ४. | शान्ती राना, क्यान्सर बिरामी सहयोग | ३ | २५,०००/- | असहाय सहयोग |
| ५. | वेद अनुयायी प्रतिष्ठान, व्यास जयन्ती मनाउन कार्यक्रम सहयोग | ३ | ५०,०००/- | प्रज्ञाप्रतिष्ठान सहयोग |

| सि. नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| ६. | मिलन वि.क., किड्नी बिरामी सहयोग | ३ | १५,०००/- | असहाय सहयोग |
| ७. | शान्तिनगर जाने नाला मर्मत संहार | ३ | २०,०००/- | मर्मत संहार कोष |
| ८. | पानु गुरुङ, कृषि फर्म मेशिन खरिद सहयोग कार्यक्रम | ४ | ४०,०००/- | विविध कृषि सहयोग |
| ९. | जनआन्दोलन घाइते पूर्णचन्द्र खनाल सहयोग | ५ | २५,०००/- | असहाय सहयोग |
| १०. | भिम बहादुर सार्कीको हावाहुरीबाट छाना नोक्सान | ५ | १५,०००/- | वडा नं. ५ विपद |
| ११. | पत्रकार श्री उपेन्द्र खनाल, अध्ययन सहयोग | ५ | ५०,०००/- | पत्रकार छात्रवृत्ति |
| १२. | जीवराज श्रेष्ठ, (औषधी नारायण) को घर संरक्षण | ६ | ३०,०००/- | वडा नं. ६ विपद |
| १३. | अनिता वि.क./बुद्धिकुमार वि.क. को १५ सुंगुर पाठा पाठी अचानक मृत्यु | ६ | २०,०००/- | वडा नं. ६ विपद |
| १४. | चित कुमार सनार, घर आँगन संरक्षण | ७ | २०,०००/- | वडा नं. ७ विपद |
| १५. | क्यामिन मोटर मार्ग घुम्ती मर्मत गर्ने | ७ | २,७५,०००। | मर्मत संहार कोष |
| १६. | हिरा मौरती, घर गोठ संरक्षण | ८ | ३५,०००/- | वडा नं. ८ विपद |
| १७. | हस्तमाया गुरुङको घर आँगन संरक्षण | ८ | ५०,०००/- | वडा नं. ८ विपद |
| १८. | लक्ष्मी सुनार घर संरक्षण | ९ | १७,०००/- | वडा नं. ९ विपद |
| १९. | विपन्न सिमान्तकृत ममता घर्ती, अध्ययन अनुसन्धान सहयोग | ११ | ३०,०००/- | अध्ययन अनुसन्धान सहयोग |
| २०. | बुद्धिराम वि.क., घ संरक्षण | १२ | ३०,०००/- | वडा नं. १२ विपद |
| २१. | व्यास १, १२, १३ मा पर्ने भड्खाला मोटर मार्ग मर्मत | १३ | २०,०००/- | मर्मत संहार कोष |

***